बैठक नं. ११

आज मिति २०७४।१२।३० गते शुक्रबार विहान [illegible] बजे चन्द्रनगर गाँउपालिकाको कार्यालयमा यस गाँउपालिकाका अध्यक्ष श्री महेन्द्र महतोज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका गाँउ कार्यपालिका सदस्यहरुको उपस्थितिमा चन्द्रनगर गाँउ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति :

| | | |
|---|---|---|
| पदाधिकारीहरु : | | |
| अध्यक्ष | महेन्द्र महतो | |
| उपाध्यक्ष | विणा देवी साह | |
| अध्यक्ष वडा नं. १ | बच्चे राय | |
| अध्यक्ष वडा नं. २ | राम नारायण महतो | |
| अध्यक्ष वडा नं. ३ | सिताराम महतो | |
| अध्यक्ष वडा नं. ४ | जगदिश साह | |
| अध्यक्ष वडा नं. ५ | नन्दलाल राय | |
| अध्यक्ष वडा नं. ६ | रामचन्द्र कापड | |
| अध्यक्ष वडा नं. ७ | राम नारायण सिंह | |
| कार्यपालिका सदस्य | नथुनि मुखिया बिन | |
| कार्यपालिका सदस्य | इस्लाम मंसुर | |
| कार्यपालिका सदस्य | बिल्टुनिया देवी चमार | |
| कार्यपालिका सदस्य | लिलिया देवी | |
| कार्यपालिका सदस्य | समिना बेगम | |
| कार्यपालिका सदस्य | पति देवी माझी | |
| सचिव | टेक प्रसाद भट्टराई | |
| आमन्त्रित कर्मचारी | | |
| ईन्जिनियर | मोहर लाल महतो | |
| स.ले.प. | दिना दास | |
| ना.सु. | कृष्ण प्रसाद अर्चाय | |

चन्द्रनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही
२ नं. प्रदेश, नेपाल

## प्रस्तावहरु

**प्रस्ताव नं १ कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा**

**प्रस्ताव नं २ बजेट रकमान्तर गर्ने सम्बन्धमा**

**प्रस्ताव नं ३ SDG village plan launching program खर्च अनुमोदन गरि सोधभर्ना गर्ने सम्बन्धमा**

**प्रस्ताव नं ४ नाढ़ीमन(पोखरी) ठेक्का सम्बधि जग्गा मुल्यांकन समितिको मुल्यांकन अनुमोदन गर्ने सम्बन्धमा**

**प्रस्ताव नं ५ सौर्य उर्जा उत्पादनको लागि सम्भाव्यता अध्ययन गर्ने सम्बन्धमा**

**प्रस्ताव नं ६ बिबिध**

## निर्णयहरु

**निर्णय नं १** प्रस्ताव नं १ माथि छलफल गर्दा चन्द्रनगर गाउँपालिकाको बिधायन समितिबाट सिफारिस भई आएको तपशिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने सर्बसम्मत निर्णय गरियो:

-उपभोक्ता समिति गठन,परिचालन तथा व्यवश्थापन सम्बन्धि कार्यविधि,२०७४

-करारमा जनशक्ति व्यवश्थापन सम्बन्धी कार्यविधि,२०७४

-'घ' बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि,२०७४

**निर्णय नं २** प्रस्ताव नं २ माथि छलफल गर्दा चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभा बाट स्वीकृत तपशिल बमोजिमको बजेट शिर्षकबाट "स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७९ को अधिनमा रही तपशिल बमोजिमको बजेट रकमान्तर गर्ने सर्बसम्मत निर्णय गरियो :

| क्र.सं . | स्वीकृत योजना (गाउँ सभाबाट) | स्वीकृत बजेट(गाउँ सभाबाट) (रु.) | रकमान्तर गरिएको योजना | रकामान्तर गरिएको रकम (रु.) |
|---|---|---|---|---|
| १ | नाडिटोल देखि पश्चिम पकडवा नदि हुदै बरकुर्वा बाट पश्चिम बबरगंज सम्म जाने सडक | रु.९५ लाख | वडा नं ७ साबिक पशु सेवा केन्द्र खण्डहर भबन मर्मत | रु.१० लाख |
| | हाल कायम बजेट | रु.८५ लाख | | |
| २ | समपुरक कोष (वित्तीय समानीकरण तर्फ ) | रु.१ करोड ५० लाख | सार्बजानिक, ऐलानी तथा पर्ती जग्गा संरक्षण कार्य | रु.३७ लाख ५० हजार |
| | हाल कायम समपुरक कोष (वित्तीय समानीकरण तर्फ) | रु.१ करोड १२ लाख ५० हजार | | |

-सार्बजानिक, ऐलानी तथा पर्ती जग्गा संरक्षण कार्यको लागि विनियोजित एकमुस्ट रकम मध्ये समितिले पेश गरेको प्रतिबेदन अनुसार स्थलगत निरीक्षण गरि तत्काल संरक्षण गर्नु पर्ने क्षेत्रको पहिचान र

आवश्यक बजेटको सिफारिस गर्ने अधिकार तपसिल बमोजिमको समितिलाई प्रत्यायोजन गर्ने सबसम्मत निर्णय गरियो:

श्री महेन्द्र महतो - संयोजक

श्रीमती बिना देबी साह - सदस्य

श्री सिताराम महतो - सदस्य

श्री रामनारायण सिंह - सदस्य

ई. श्री मोहरालाल महतो - सदस्य सचिब

समितिले स्थलगत निरीक्षण गरि तत्काल संरक्षण गर्नु पर्ने क्षेत्र पहिचान गरि कुल विनियोजित रकममध्ये क्षेत्रगत अवाश्यकता अनुसार गरेको सिफारिस बमोजिम रकम बाडफाड गरि नियमानुसार योजना संचालन गर्न निर्देशन दिने अधिकार गाउँपालिका अध्यक्षलाई प्रत्यायोजन गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं ३** प्रस्ताब नं३ माथि छलफल गर्दा मिति २०७४\११\११ गते यस चन्द्रनगर गाउँपालिकाको वडा नं २ को SDG village plan launching program मा भएको कुल रु. ८० हजार मात्र खर्च अनुमोदन गरि बिबिध कार्यक्रम शिर्षकबाट खर्च लेख्ने गरि सम्बन्धित कर्मचारीलाई सोधभर्ना उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशित गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं ४** प्रस्ताब नं ४ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको क्षेत्राधिकारमा पर्ने नाढ़ीमन ताल (पोखरी) ठेक्का सबै भन्दा बढी रकम कबोल गर्ने श्री रबि मत्सय पालन उधोग, चन्द्रनगर - ६,सर्लाही को बोलपत्र स्वीकृत गरि निजले कबोल गरेको बार्षिक रकमको ५०% रकम नगदी दाखिला गर्न र बाकी बार्षिक रकम बराबर बैंक ग्यारेन्टी वा जग्गा धितो राखी सम्झौता गर्न आउन पत्राचार गरिएकोमा निजले नगद रु.६,६०,०००\-(रुपैया छ लाख साठ्ठी हजार मात्र ) गा.पा. को धरौटी खातामा भुलाबश दाखिला गरेकोले सो रकम संचित कोष खातामा ट्रान्सफर गरिदिनु हुन भनि निबेदन पेश गरेको,रु.१०,०००\(रुपैया दश हजार मात्र ) निज ले बोलपत्र दर्ता गर्दा यस गाउँपालिका को धरौटी खाता मा दाखिला गरेको रु.३१,१०,०००\-(रुपैया एकतिस लाख दश हजार मात्र) मध्ये बढी हुन आउने धरौटी रकम रु. १०,०००\-(रुपैया दश हजार मात्र) समेत आफुले बुझाउनु पर्ने किस्ता रकममा मिन्हा गरि पाउन निबेदन दिएको, रु. १४,९५,०००\- कार्यालयमा नगदी दाखिला गरि सो रकम कार्यालयले गा.पा. को संचित कोष खातामा दाखिला गरिसकेको र बाकी रकम मध्ये लोकेन्द्र माछापालन उधोगको नाम बाट यस गाउँपालिकाको धरौटी खातामा दाखिला गरेको रु.२१,४०,०००\-(रुपैया एक्काइस लाख चालिस हजार मात्र) र मछियामाई माछा फर्मले बोलपत्र दर्ता गर्दा यस गाउँपालिकाको धरौटी खातामा जम्मा गरेको रु.१८,९५,०००\-(रुपैया अठार लाख पन्चानब्बे हजार मात्र) निजहरुले श्री रबि मत्स्य पालन उधोग, चन्द्रनगर -६ को नाममा नाढ़ीताल(पोखरी माछासमेत) ठेक्का स्वीकृत भएको हुँदा आफुहरुले यस गाउँपालिकाको धरौटी खातामा जम्मा गरेको रकम निज रबि मत्स्य पालन उधोगले बुझाउनु पर्ने किस्ता रकममा मिन्हा गरिदिन मन्जुरीनामा पेश गरेको तथा बाकि ५०% बार्षिक किस्ता रकमको हकमा निजले जग्गावालाको मंजुरिनामा सहित पेश गरेको जग्गा धितोको यस गाउँ कार्यपालिकाको मिति २०७४\१२\०५ गतेको बैठकको निर्णय अनुसार गठित जग्गा मुल्यांकन समितिले सरकारी दररेट तथा चलनचल्तीको

मूल्य लाई बिचार गरि कुल रु.६६,००,०००\-(रुपैया छैसाठ्ठी लाख मात्र) मुल्यांकन गरि प्रतिबेदन पेश गरेको हुँदा सो जग्गा ठेक्का राखी सम्झौता शर्तमा म्याद भित्र बाकि किस्ता रकम नबुझाएमा स्वतः गाउँपालिकाको नाममा जग्गा नामसारी हुने ब्यवश्था गरि ठेक्का सम्झौता गर्ने र सम्झौता भएपश्चात धरौटी खातामा रहेको नियमानुसार रबि मत्स्यपालन उधोगले राख्नु पर्ने धरौटी बापतको रकम बाहेक मंजुरिनामा पेश भएको धरौटी रकम गाउँपालिकाको मूल संचित कोष खातामा आम्दानी बाध्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं ५** प्रस्ताब नं ५ माथि छलफल गर्दा यस गाउँपालिकामा सौर्य उर्जाको प्रबल संभवाना रहेको हुँदा १ मेघावाट सौर्य उर्जा उत्पादनको लागि सम्भाव्यता अध्ययन गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं ६** बिबिध प्रस्ताब नं ६ बिबिध माथि छलफल गर्दा देहाय बमोजिमको सर्बसम्मत निर्णय गरियो :

-यहि मिति २०७५\०१\०५ गते देखि लालबन्दीमा संचालन हुने राष्ट्रियस्तरको ITF तेक्वान्दो प्रतियोगिता संचालन सहयोगार्थ रु २०,००० (रुपैया बिस हजार मात्र ) बराबर आयोजकले पेश गरेको बिल भरपाईको आधारमा खेलकुद प्रतियोगिता शिर्षकमा विनियोजित बजेटबाट खर्च लेख्ने गरि रकम उपलब्ध गराउने सर्बसम्मत निर्णय गरियो ।

-चन्द्रनगर गाउँपालिकाको स्वीकृत खरिद योजना अनुसार उपभोक्ता समितिबाट संचालन हुने पोखरिया महादेव मन्दिर देखि चन्द्रनगर गा.पा.को कार्यालय जाने बाटोको स्तरोन्नति , गाढाटोल मूल सडक देखि चन्द्रनगर गा.पा. जाने बाटो स्तरोन्नति र नाढ़ीटोल पश्चिम पकडवा नदि हुदै बरकुर्वा हुदै पश्चिम बबरगंज सम्म जाने सडक को कार्यमा प्राबिधिक बाट तयार गरिएको लागत अनुमानमा हेब्बी इक्युपमेन्ट प्रयोग गर्नुपर्ने भनि उल्लेख भएको हुँदा प्राविधिकको सिफारिस बमोजिम आवस्यकताअनुसारको हेब्बी इक्युपमेन्ट प्रयोग गर्ने अनुमति दिने सर्बसम्मत निर्णय गरियो ।

-यस गाउँपालिकामा जनशक्ति अत्यन्त न्यून रहेको र मौजुदा जनशक्तिले कार्यालय समयको अतिरिक्त समेत कामकाज गर्नु पर्ने भएकोले चन्द्रनगर गाउँपालिकाको कर्मचारिहरूलाई भाडाको घर वा सरकारी भबनमा आवास ब्यवश्थापनको लागि संचालन तथा मर्मत शिर्षकमा विनियोजित बजेट मध्ये रु.२,००,०००\-(रुपैया दुइ लाख मात्र )बिनियोजन गर्ने सर्बसम्मत निर्णय गरियो ।

-गाउँपालिका स्तरीय बिधालय भर्ना अभियान यहि मिति २०७५\०१\१६ गते देखि सप्ताहब्यापी रुपमा संचालन गर्ने निर्णय गरियो ।

- यस गाउँपालिकाको योजना अनुगमन तथा निरीक्षण लगाएतका कार्यालय प्रयोजनको लागि हाल यस गाउँपालिकाको आफ्नो सवारी साधन नरहेको हुँदा नियमानुसार गाउँपालिकाको कार्यालयले गरेको सवारी भाडा सम्झौता अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो ।

- यस गाउँपालिकाको बिशेष अधिबेशन यहि मिति २०७५\०१\२० को लागि आहवान गर्ने सर्बसम्मत निर्णय गरियो ।

महेन्द्र महतो
अध्यक्ष

निर्णय नं १ देखि ६ सम्मका सम्पूर्ण निर्णय माथि सहमत हुने पदाधिकारीको नाम,पद र दस्तखत

| | | |
|---|---|---|
| अध्यक्ष | महेन्द्र महतो | |
| उपाध्यक्ष | विणा देवी साह | |
| अध्यक्ष वडा नं. १ | बच्चे राय | |
| अध्यक्ष वडा नं. २ | राम नारायण महतो | |
| अध्यक्ष वडा नं. ३ | सिताराम महतो | |
| अध्यक्ष वडा नं. ४ | जगदिश साह | |
| अध्यक्ष वडा नं. ५ | नन्दलाल राय | |
| अध्यक्ष वडा नं. ६ | रामचन्द्र कापड | |
| अध्यक्ष वडा नं. ७ | राम नारायण सिंह | |
| कार्यपालिका सदस्य | नथुनि मुखिया विन | |
| कार्यपालिका सदस्य | इस्लाम मंसुर | |
| कार्यपालिका सदस्य | बिल्टुनिया देवी चमार | |
| कार्यपालिका सदस्य | लिलिया देवी | |
| कार्यपालिका सदस्य | समिना वेगम | |
| कार्यपालिका सदस्य | पति देवी माझी | |